
प्रदेश सभा

# सार्वजनिक लेखा समितिको
# बार्षिक प्रतिवेदन

प्रदेश सभा
सार्वजनिक लेखा समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत



२०७५/०७६

कर्णाली प्रदेश

नेपाल

प्रदेश सभा
## सार्वजनिक लेखा समिति

**अध्यक्ष**

मा० दीनबन्धु श्रेष्ठ

**सदस्यहरु**

१. मा० करवीर शाही
२. मा० गणेश प्रसाद सिंह
३. मा० गुलाब जंग शाह
४. मा० गोपाल शर्मा
५. मा० झोवा वि.क.
६. मा० बदमी क्वारी बोहोरा

प्रदेश सभा
सार्वजनिक लेखा समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

| प्रदेश सभा सचिवालय | | |
|---|---|---|
| क्र.सं. | पद | नाम,थर |
| १ | प्रदेश सभा सचिव | जीवराज बुढाथोकी |

| समिति सचिवालयका कर्मचारीहरु | | |
|---|---|---|
| १ | सचिव | राजेन्द्र पौडेल |
| २ | सहायक कर्मचारी | रेशम बहादुर सुनार |
| ३ | सहायक कर्मचारी | लक्ष्मीकुमारी उपाध्याय |
| ४ | कार्यालय सहयोगी | श्यामलाल रेग्मी |

प्रदेश सभा
सार्वजनिक लेखा समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर,सुर्खेत

मन्तव्य

माननीय सभामुख महोदय,

यस सभाका कारवाहीप्रति प्रदेश सभाका सदस्यहरुलाई जागरुक र जिम्मेवार तुल्याई प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउनुका साथै सभाका कार्यहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सम्पादन गर्न र विधेयकहरुलाई परिमार्जन गरी परिष्कृत गर्नकालागी यस सभाबाट ४ वटा विषयगत समितिहरु गठन भएको सर्वविदितै छ । विषयगत समितिहरु मध्ये एउटा महत्वपूर्ण विषयगत समिति सार्वजनिक लेखा समिति रहेको र यसले राज्यकोषको खर्च संविधान, ऐन, नियम र कार्यविधि बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नुका साथै सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

सभामुख महोदय,

प्रदेश सभा नियमावली,२०७४ अनुसार सभामुखद्धारा मनोनयन हुनुभएका माननीय सदस्यहरु बाट गठित यस समितिमा हाल ७ जना माननीय सदस्यहरु रहनु भएको छ । यस समितिलाई प्रदेश सभा नियमावली,२०७४ ले प्रदेश लोक सेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन, सार्वजनिक लेखा तथा प्रदेश लेखा परिक्षक कार्यालयको प्रतिवेदन र बेरुजु फछ्र्योट सम्वन्धी कामकारवाही भनि कार्यक्षेत्र तोकिएको र सोही कार्यक्षेत्र भित्र रहि यस समितिले आफ्नो काम कारवाही अगाडी बढाई रहेको जानकारी माननिय सभामुख ज्यू मार्फत यस सभालाई जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय,

यस समितिले प्रदेश सरकरलाई प्रदेश सभाप्रति जिम्मेवार तुल्याउन र कार्यक्षेत्र भित्र रहि सरकारका विगत र वर्तमानका विभिन्न काम कारवाहीहरुको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन र सल्लाह प्रदान गरिरहेको साथै आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग, आयोग र निकायका प्रतिनिधि र आवश्यकता अनुसार तत् तत् विषयका विशेषज्ञहरुसँग समेत छलफल गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने गरिरहेको जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय,

यस समितिको पहिलो बैठक २०७५।०१।१७ देखि हाल सम्म जम्मा ३३ पटक बैठक वसि आफ्नो कामकारवाही अगाडि बढाई रहेको र सम्वन्धीत विषय क्षेत्रको अनुगमन, अध्ययन, अनुसन्धान गरि समितिको आन्तरिक काम कार्यवाहीलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन तीन जना माननीय सदस्य ज्यू रहनु भएको एक अध्ययन उप समिति गठन गरेको जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय,

यस समितिले विभिन्न मितिमा विभिन्न निकायहरुलाई दिएका राय, सल्लाह र निर्देशनहरु यस प्रकार रहेका जानकारी गराउन चाहन्छु ।

समितिको मिति २०७५।०६।१४ गते वसेको बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयलाई प्रदेश सरकारले सार्वजनिक खर्च गर्दा सार्वजनिक खरिद सम्वन्धि प्रदेश ऐन प्रदेश सभाबाट पारित गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाउन, निर्देशन दिएको,

मिति २०७५।०८।२० गते वसेको बैठकले सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई चालु आर्थिक वर्षको वार्षिक कार्यक्रममा व्यक्तिगत तथा सामूहिक फर्म,

सहकारी र संस्थाहरुको छनौटको मापदण्ड र स्पष्ट आधार तयार गरी सोही आधारमा पारदर्शी ढंगबाट फर्म, सहकारी तथा संस्थाहरु छनौट गरी कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिएको,

मिति २०७५।१०।१२ गते वसेको बैठकले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत संघीय सरकार संग आवश्यक समन्वय गरी यथाशिघ्र आवश्यक जनशक्तिको व्यवस्था गर्न र अन्तिम अवस्थामा विना कुनै तयारी खर्च गर्ने प्रवृतिले वजेट दुरुपयोग हुन सक्ने भएकोले सार्वजनिक खरिद ऐन तथा नियमावलीका आधारमा विकास निर्माणलाई यथाशिघ्र अगाडी बढाउन निर्देशन दिएको,

मिति २०७५।१०।१३ गते वसेको बैठकले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई आर्थिक वर्षको आधा भन्दा वढी समय गुज्रिसक्दा समेत पूँजिगत खर्च न्यून रहेको हुँदा अन्तिम अवस्थामा विना कुनै तयारी बजेट खर्च गर्ने प्रवृत्तिले बजेट दुरुपयोग हुन सक्ने भएकोले वार्षिक कार्यक्रमलाई यथाशिघ्र अगाडी बढाउन निर्देशन दिएको,

मिति २०७५।११।१७ गते वसेको बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई कर्णाली प्रदेश सरकारले आयोजना गरेको महत्वपुर्ण कार्यक्रम कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रममा आर्थिक अनुशासन उलङ्घन गरी नियम विपरित खर्च गर्नेहरुलाई समितिले निकालेको निष्कर्षको आधारमा आवश्यक कारवाही गर्ने निर्देशन दिएको जानकारी माननिय सभामुख ज्यू मार्फत यस सभालाई जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय,

हाल यस समितिले भौतिक पूर्वाधार विकास मन्त्रालयबाट गरिएका डि.पि.आर र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट गरिएका रकमान्तरका सम्वन्धमा अध्ययन भईरहेको माननीय सभामुख ज्यू मार्फत सभामा जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय,

सभा वर्षै भरि बस्न नसक्ने भएकाले सभाको प्रतिनिधित्व गर्दै सभाका कामकारवाही अगाडी बढाउन समितिहरुको गठन भएको व्यहोरा सर्व विदितै छ । सरकार सभा र समितिहरु प्रति जवाफदेही र उत्तरदायी हुनुपर्ने हुन्छ । तर, सभा र समितिहरु प्रतिको जवाफदेहीता र उत्तरदायित्व प्रति सरकार गंभीर नभएको महशुस भएको छ । समितिले मागेका विवरणहरुको पूर्ण र समयभित्र जवाफ पठाएको देखिदैन । विभिन्न समयमा यस समितिबाट दिएका निर्देशनहरुको पूर्ण रुपमा पालना भएको नपाईएकोले समिति मार्फत दिईएका निर्देशनहरु प्रति गंभीर बन्न सभा मार्फत सरकारलाई निर्देशन हुन आवश्यक भएको कुरा पनि माननीय सभामुख ज्यू मार्फत सभामा जानकारी गराउन चाहन्छु ।

सभामूख महोदय,

समितिलाई चुस्त दुरुस्त र व्यवस्थीत गर्न समितिको बैठक संचालन कक्षमा अतिआवश्यक साधन स्रोतको यथोचित व्यवस्थापन, समितिको कार्यक्षेत्र संग सम्बन्धित विषयमा स्थलगत अध्यन, अनुगमन गर्न बजेटको व्यवस्था, मा.सदस्य एवं सचिवालयका कर्मचारीहरुको समयानुकूल क्षमता अभिबृद्धि लगायतका विषयमा भ्रमण तथा प्रशिक्षणको व्यवस्था, समितिको बैठकमा रेकर्डिंग प्रणाली र प्रत्यक्ष अभिलेखीकरण सो सम्बन्धी जनशक्तिको साथै समितिमा कार्यरत कर्मचारीहरुलाई विहान बेलुका बैठक बस्दा भत्ताको व्यवस्था गर्न आवश्यक देखिएको समेत सभामुख ज्यू मार्फत यस सभालाई जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय,

अन्तमा, प्रभावकारी समिति प्रणाली, व्यवस्थापन र संचालनबाट लोकतन्त्रको विकाश हुन्छ भन्नेमा दुइमत छैन । हामीहरु संसदीय अभ्यासमा जुटेको लामो इतिहास नभए पनि समितिका निरन्तर बैठक संचालन, सरकारी कामकारवाहीको अनुगमन र निर्देशन, समितिमा विधेयक दफावार छलफलको क्रममा विधेयकमा संशोधन पेश गर्ने र छलफमा भाग लिने मा. सदस्यहरुको रुची र निरन्तर अभ्यासले समिति प्रणालीको विकास हुनुको साथै यसको महत्व बढिरहेको भन्न सकिन्छ । समिति एउटा सामूहिक भावना र सहयोगमा आधारित संस्था भएकोले यसमा सवैको सहयोग, चासो र सक्रियतालाई आगामी दिनमा थप प्रभावकारी बनाउन समितिका पदाधिकारी एवं सदस्य सबैको समान दायित्व बोध हुनु पर्दछ ।

सभामुख महोदय,

आ.व.२०७५।७६ को सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन मा० सभामुख ज्यू मार्फत यस सभाभा पेश गर्दछु,

धन्यवाद !

मिति : २०७६ असार २९ गते

मा० दीनवन्धु श्रेष्ठ
अध्यक्ष
सार्वजनिक लेखा समिति

प्रदेश सभा
सार्वजनिक लेखा समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

सार्वजनिक लेखा समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

# विषयसूची


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | समितिको गठन प्रक्रिया | १ |
| ३. | समितिको कार्य क्षेत्र | १ |
| ४. | समितिको काम, कर्तव्य र अधिकार | २ |
| ५. | समितिले गरेका कामकारवाही तथा निर्णयहरु | ३ |
| ६. | समितिले सरकारलाई दिएका निर्देशनहरु | १२ |
| ७. | समितिले सरकारलाई दिएका निर्देशनहरुको पालनाको अवस्था | १३ |
| ८. | समितिले भोग्नु परेका समस्या र समाधानका उपायहरु | १२ |
| ९. | उप संहार | १३ |

प्रदेश सभा

# सार्वजनिक लेखा समितिको

## बार्षिक प्रतिवेदन, २०७५/०७६

कर्णाली प्रदेश

### १. परिचय :

प्रदेश सभाबाट समितिमा आएका विधेयकहरुलाई परिमार्जन गरी परिष्कृत गर्नका साथै सभाका अन्य कार्यहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सम्पादन गर्न, प्रदेशका काम कारवाहीप्रति प्रदेश सभाका सदस्यहरुलाई जागरुक, जिम्मेवार तुल्याउन र प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउन प्रदेश सभा अर्न्तगत गठित ४ वटा विषयगत समितिहरु मध्ये सार्वजनिक लेखा समिति एउटा महत्वपूर्ण विषयगत समिति हो । राज्यकोषको खर्च संविधान, ऐन, नियम र कार्यविधि बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्न यो समितिको महत्वपूर्ण भूमिका रहन्छ ।

### २. समितिको गठन प्रक्रिया :

सभामुखद्धारा मनोनयन भएका माननीय सदस्यहरु र सदस्यहरुले आफूमध्ये छानेको सभापति सदस्यबाट समिति गठन हुन्छ तर यस समितिमा हालसम्म जेष्ठ सदस्यले अध्यक्षता गर्दै आउनु भएको छ । सभामुखद्धारा सदस्यहरु मनोनयन भएपछि सभाद्धारा यसको अनुमोदन गरिन्छ । सदस्यहरुको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी /जनजाती, मधेशी, थारु, मुस्लिम र पिछडिएको क्षेत्र, खस-आर्य तथा अन्य समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने प्रावधान प्रदेश सभा नियमावली २०७४ ले गरेको छ। कुनै सदस्य एकैसाथ एकभन्दा बढी विषयगत समितिको सदस्य हुन सक्ने छैन । समितिमा देहाय बमोजिम ७ जना माननीय सदस्यहरु रहनु भएको छ ।

| | |
|---|---|
| १. मा. श्री दीनवन्धु श्रेष्ठ | अध्यक्ष |
| २. मा. श्री करवीर शाही | सदस्य |
| ३. मा. श्री गणेश प्रसाद सिंह | सदस्य |
| ४. मा. श्री गुलाव जंग शाह | सदस्य |
| ५. मा. श्री गोपाल शर्मा | सदस्य |
| ६. मा. श्री झोवा वि.क. | सदस्य |
| ७. मा. श्री बदमी क्वारी बोहोरा | सदस्य |

### ३. समितिको कार्य क्षेत्र :

सार्वजनिक लेखा समितिको क्षेत्रभित्र निम्म बमोजिमका निकायहरु पर्दछन् :

- प्रदेश लोक सेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन,
- सार्वजनिक लेखा तथा प्रदेश लेखा परिक्षक कार्यालयको प्रतिवेदन,
- बेरुजु फछ्र्योट सम्वन्धी

## ४. समितिको काम, कर्तव्य र अधिकार :

समितिको काम संशोधनको सूचना परी सभाबाट समितिमा आएका विधेयकहरुलाई संशोधनसहित परिमार्जन, सुधार गरी परिष्कृत गर्नुका साथै सरकरलाई प्रदेश सभाप्रति जिम्मेवार बनाउनु र समितिको कार्यक्षेत्र भित्रका सरकारका विगत र वर्तमानका विभिन्न काम कारवाहीहरुको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र सल्लाह प्रदान गर्नु हो । यसको अतिरिक्त समितिका काम, कर्तव्य र क्षेत्राधिकार निम्नबमोजिम रहेका छन् ।

१. कर्णाली प्रदेश सरकारका मन्त्रालय, विभाग र अन्तर्गतका निकायको सार्वजनिक लेखा सँग सम्बन्धि नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
२. कर्णाली प्रदेश सरकारका मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।
३. मन्त्रीले कर्णाली प्रदेश सरकारको तर्फबाट बैठकमा सार्वजनिक लेखासँग सम्बन्धित विषयमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न कर्णाली प्रदेश सरकारद्वारा के-कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।
४. सार्वजनिक लेखा र प्रदेश लेखापरीक्षकको वार्षिक प्रतिवेदन सँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।
५. सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम वनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।
६. कर्णाली प्रदेश सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने ।
७. कर्णाली प्रदेश सरकारका मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने ।
८. बैठकले सुम्पेको अन्य काम गर्ने, र समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।
९. सार्वजनिक लेखा समितिले आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञसँग समेत छलफल गर्न सक्ने ।
१०. सार्वजनिक लेखा र प्रदेश लेखापरिक्षकको वार्षिक प्रतिवेदनमाथि छलफल सम्बन्धित जिम्मेवारी सु-व्यवस्थित ढङ्गले बहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने ।
११. सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको प्रदेश लेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी प्रदेश लेखा परीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्वन्धमा सम्बन्धित निकायबाट हुनु पर्ने काम कारबाही कानून सङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्वन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने ।

१२. समितिको कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृती लिई आवश्यक स्थानको भ्रमण गर्न सक्नेछन् । यस्तो स्विकृतिमाग गर्दा भ्रमण गर्नु पर्ने कारण स्पष्ट खुलाईएको हुनुपर्ने ।
१३. समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरू प्रतिवेदन जुन सुकै समयमा प्रस्तुत गर्न सक्नेछ ।

## ५. समितिले गरेका कामकारवाही तथा निर्णयहरु :

### गत आ.व.२०७४/७५ का निर्णयहरु

**समितिको बैठक संख्या १**
**मिति : २०७५/०१/१७ गते**

१. कर्णाली प्रदेशको सार्वजनिक लेखा समितिको पहिलो वैठक बसी समितिका कामकारवाहीहरुलाई कुशलतापूर्वक सञ्चालन गरी प्रदेश सरकारका आर्थिक गतिविधिहरुलाई पारदर्शी बनाई सुशासन कायम गर्ने गराउने कार्यमा समिति क्रियाशिल रहने प्रतिवद्धता सर्वसहमतिले व्यक्त गरियो ।

**समितिको बैठक संख्या २**
**मिति : २०७५/०२/२१ गते**

१. सार्वजनिक लेखा समितिको अध्यक्षको कार्यकक्ष, समितिको सभाहल र सचिवालयको व्यवस्थापन शीघ्र गराउन माननीय सभामुखज्यूलाई अनुरोध गर्ने ।
२. समितिको अध्यक्ष चयनको लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १४८ बमोजिम दिन निश्चित गर्न माननीय सभामुखज्यूलाई अनुरोध गर्ने ।

### आ.व.२०७५/७६ का निर्णयहरु

**समितिको बैठक संख्या ३**
**मिति : २०७५/०४/१७ गते**

१. समितिको कामकारवाहीलाई नियमित, चुस्त, दुरुस्त र छिटो छरितो बनाउन समितिको कार्यविधी तर्जुमा गरि कार्यान्वयन गर्न कार्यविधीको नमूना ड्राफ्टहरु संकलन गर्ने निर्णय गरियो ।
२. समितिको दक्षता र महत्व बढाई प्रदेश सभाको कार्यवाहीलाई प्रभावकारी बनाउने निर्णय गरियो।
३. समितिको कार्यवाही सञ्चालन तथा व्यवस्थित बनाउन कार्यालय (समितिको) स्थापना गर्ने निर्णय गरियो ।
४. समितिका कार्यव्यवस्था अगाडी बढाउन बजेट आवश्यक पर्ने भएकोले बजेटको व्यवस्थाको लागि माननीय सभामुख ज्यू समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**समितिको बैठक संख्या ४**
**मिति : २०७५/०६/१४ गते**

१. सार्वजनिक लेखा समितिको कार्यवाहीलाई मर्यादित, व्यवस्थित र चुस्त बनाउन सार्वजनिक लेखा समितिको आन्तरिक कार्यविधि, २०७५ तयार गरी पारित गर्ने निर्णय गरियो ।
२. कर्णाली प्रदेश सरकारले मुगु जिल्लाको रारामा आयोजना गरेको कर्णाली रारा पर्यटन उद्घाटनमा भएको कूल खर्च र सो को सम्पूर्ण विवरण १५ (पन्ध्र) दिन भित्र उपलरब्ध गराउन आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने ।
३. गत आर्थिक वर्ष २०७४।०७५ को सरकारको स्वीकृत वार्षिक कार्यक्रम र योजनागत खर्चको सम्पूर्ण विवरण र चालु आ.व. २०७५।७६ को असोज मसान्त सम्मको खर्चको विवरण उपलब्ध गराउन सम्पूर्ण मन्त्रालयहरुलाई निर्देशन दिने ।

४. प्रदेश सरकारले सार्वजनिक खर्च गर्दा सार्वजनिक खरिद सम्वन्धि प्रदेश ऐन अन्तर्गत रहेर [illegible] उक्त ऐन सभावाट परित नहुंदै कुन प्रदेश ऐन अन्तर्गत रहेर खर्च गरिरहेको छ ? सो को जानकारी गराउन र उक्त ऐन प्रदेश सभाबाट पारित गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाउन आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने ।

## समितिको बैठक संख्या ५
## मिति :२०७५/०७/१४ गते

१. सार्वजनिक लेखा समितिको मिति २०७५ असोज १४ गतेको निर्णयबाट माग गरिएका विवरणका सम्बन्धमा माननीय मन्त्री तथा सचिवहरुबाट विस्तृत रुपमा जानकारी लिईयो ।

## समितिको बैठक संख्या ६
## मिति : २०७५/०७/१६ गते

१. समितिको मिति २०७५ असोज १४ गतेको निर्णयबाट माग गरिएका रारा पर्यटन महोत्सवमा सरकारले गरेको खर्च आर्थिक वर्ष २०७४।०७५ मा सम्पन्न भएका योजना तथा कार्यक्रमको विवरणको विस्तृत अध्ययन गर्नको लागि तपसिल वमोजिमको उपसमिति गठन गर्ने ।

तपसिल

१. मा० करवीर शाही
२. मा० गोपाल शर्मा
३. मा० झोवा वि.क.

## सार्वजनिक लेखा समिति अर्न्तगत अध्ययन उपसमितिको बैठकका निर्णयहरु

## अध्ययन उपसमितिको बैठक संख्या १
## मिति : २०७५/०७/१८ गते

१. रारा पर्यटन महोत्सवमा भएको खर्च सम्वन्धि मन्त्रालयहरुबाट समितिमा प्राप्त भएका कागजात र प्रदेश सरकारले आ.व.०७४।०७५ मा सम्पन्न गरेका कार्यक्रमहरुको प्रगतिको अध्ययन गरी विविध विषयमा छलफल गरियो ।

## अध्ययन उपसमितिको बैठक संख्या २
## मिति : २०७५/०७/२० गते

१. मिति २०७४ चैत्र २८ गतेको मन्त्रिपरिषद्को बैठकले रारा कर्णाली पर्यटन वर्ष, २०७५ को २०७५ वैशाख १ गते हुने समुद्घाटन कार्यक्रमको लागि विभिन्न मन्त्रालय र जिल्ला समन्वय समिति, मुगुलाई तोकिएको रकम नबढ्ने गरी प्रचलित कानुनको अधिनमा रही खर्च गर्ने अख्तियारी दिएकोमा कुन आधारमा विनियोजन गरिएको बजेट भन्दा बढी खर्च गरेको हो ? सो को कारण, खर्च गर्नु अघिको लागत अनुमान र खर्च गर्ने आधार तथा औचित्य पुष्टि हुने कागजात पन्ध्र दिन भित्र पेश गर्न विनियोजित रकम भन्दा बढी खर्च गर्ने मन्त्रालयलाई निर्देशन दिने ।
२. मिति २०७४ फागुन २६ गतेको मन्त्रिपरिषदको बैठकको निर्णय नं. ९ को (ग) मा रारा कर्णाली पर्यटन वर्ष, २०७५ वर्ष भरी विभिन्न कार्यक्रम गरी मनाउनका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई जिम्मेवारी तोकिएको हुँदा वर्ष भरी नै विभिन्न कार्यक्रम गर्नु पर्नेमा कर्णाली रारा पर्यटन वर्ष शुभारम्भ कार्यक्रममा मात्रै आर्थिक वर्ष २०७४।७५ को बजेट बक्तव्यको बुँदा नं. १०७ मा उल्लिखित रकम रु. ७०,००,०००।- (अक्षरुपी सत्तरी लाख रुपैया मात्र) सम्पूर्ण खर्च गर्नुको कारण र सो को आधार र औचित्य पुष्टि हुने कागजात पन्ध्र दिन भित्र पेश गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।
३. छयालिस लाख लागत अनुमान रहेको कार्यक्रममा सत्तरी लाख रकम समेत अपुग भई ९,९८,०००।- ( अक्षरुपी नौ लाख अन्ठानब्वे हजार रुपैया मात्र) रकमान्तर गरी खर्च गर्नुको

कारण, खर्च गर्नु अघिको लागत अनुमान र खर्च गर्ने आधार तथा औचित्य पुष्टि हुने कागजात पन्ध्र दिन भित्र पेश गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

४.रारा कर्णाली पर्यटन वर्ष, २०७५ को २०७५ वैशाख १ गते हुने समुद्घाटन कार्यक्रममा प्रदेश सरकारको तर्फबाट खर्च व्यहोर्ने गरी आमन्त्रित गरिएका पदाधिकारी तथा व्यक्तिहरुको निर्णय सहितको नामावली र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट खर्च गरिएको भनिएको रु १६,४८,०५४।- कुन कुन शिर्षकमा खर्च गरिएको हो ? र सो को सम्पूर्ण विवरण पन्ध्र दिन भित्र पेश गर्ने उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने र आन्तिरिक मामिला तथा कानुन मन्त्रालयले आवास व्यवस्थापनमा खर्च गरेको भनिएको रु ४,६२,४६८।- कुन कुन शिर्षकमा खर्च गरेको हो ? सोको सम्पूर्ण विवरण पन्ध्रदिन भित्र उपलब्ध गराउन आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई निर्देशन दिने ।

## अध्ययन उपसमितिको बैठक संख्या ३

## मिति : २०७५/०८/१९ गते

१.रारा पर्यटन महोत्सवमा भएको खर्चको सम्वन्धमा उपसमिति मिति २०७५ कार्तिक २० गतेको बैठकको निर्णयहरुबाट माग भएका जवाफ तथा कागजातको अध्ययन तथा छलफल गरियो ।

२.उल्लेखित विवरणका सम्वन्धमा थप छलफल तथा स्पष्टताका लागि विवरण माग गरिएका मन्त्रालयका सचिवहरु संग आज दिनको ३:३० बजे अर्को बैठक बस्ने निर्णय गरियो ।

## अध्ययन उपसमितिको बैठक संख्या ४

## मिति : २०७५/०८/१९ गते

१.रारा पर्यटन महोत्सवमा भएको खर्चको विवरण पूर्णरुपमा उपसमितिलाई प्राप्त नभएको हुँदा सात दिन भित्र माग भए वमोजिमका विवरण उपसमिति समक्ष पेश गर्न निर्देशन दिईयो ।

## समितिको बैठक संख्या ७

## मिति : २०७५/०८/२० गते

१.कर्णाली रारा पर्यटन महोत्सवमा सरकारले गरेको खर्चको र आर्थिक वर्ष २०७४।०७५ मा सम्पन्न भएका योजना तथा कार्यक्रमको विवरणको विस्तृत अध्ययन गर्नको लागि गठित उपसमितिले गरेको अध्ययनको प्रगतिको वारेमा उपसमितिका माननीयहरुबाट जानकारी लिई सो सम्वन्धमा समितिका माननीय सदस्यहरुको धारणा प्रस्तुत् गरियो । साथै उपसमितिलाई यथासक्य छिटो अध्ययन प्रतिवेदन समितिमा पेश गर्न सुझाव दिईयो ।

२.सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चालु आर्थिक वर्षको वार्षिक कार्यक्रममा व्यक्तिगत तथा सामूहिक फर्म, सहकारी र संस्थाहरुको नामा बजेट विनियोजन गरिएको पाइएको हुँदा उल्लेखित फर्म, सहकारी तथा संस्थाहरु छनौटको मापदण्ड, आधार र सीमा निर्धारण भएको छ छैन ? सो को स्पष्ट जवाफ तथा जवाफ पुष्टि गर्ने आवश्यक कागजात पेश गर्न र आधार र मापदण्ड नबनाई फर्म, सहकारी तथा संस्था छनौट गरेको भए उक्त कार्यक्रमहरु कार्यान्वयन नगर्न र स्पष्ट आधार र मापदण्ड तयार गरी सोही आधारमा पारदर्शी ढंगवाट फर्म, सहकारी तथा संस्थाहरु छनौट गरी कार्यक्रम कार्यान्वयन गर्न उल्लेखित मन्त्रालयलाई दिर्नेशन दिने ।

प्रदेश सभा
सार्वजनिक लेखा समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

## अध्ययन उपसमितिको बैठक संख्या ५
## मिति : २०७५/१०/०७ गते

१.कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रममा भएको खर्च सम्वन्धि मन्त्रालयहरुबाट प्राप्त भएका बील भर्पाइ लगायतका कागजातहरुको अध्ययन तथा छलफल गरियो ।

## अध्ययन उपसमितिको बैठक संख्या ६
## मिति : २०७५/१०/०८ गते

१.कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रममा भएको खर्च सम्वन्धि मन्त्रालयहरुबाट प्राप्त भएका बील भर्पाइ लगायतका कागजातहरुको अध्ययन तथा छलफल गरियो ।

## अध्ययन उपसमितिको बैठक संख्या ७
## मिति : २०७५/१०/०९ गते

१.कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रममा भएको खर्च सम्वन्धि मन्त्रालयहरुबाट प्राप्त भएका बील भर्पाइ लगायतका कागजातहरुको अध्ययन तथा छलफल गरियो ।

## अध्ययन उपसमितिको बैठक संख्या ८
## मिति : २०७५/१०/१० गते

१.कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रममा भएको खर्च सम्वन्धि मन्त्रालयहरुबाट प्राप्त भएका बील भर्पाइ लगायतका कागजातहरुको अध्ययन तथा छलफल गरियो ।

## समितिको बैठक संख्या ८
## मिति : २०७५/१०/११ गते

१.समितिको मंसिर २० गतेको वैठकको निर्णय नं.२ बाट सामाजिक विकास मन्त्रालयलाई दिएको निर्देशनका सम्वन्धमा हालसम्म कुनै जवाफ प्राप्त नभएको हुँदा उक्त निर्णयको जवाफ ३ दिन भित्र पेश गर्न सामाजिक विकास मन्त्रालयलाई पुन : निर्देशन दिने ।

२.भौतिक पूर्वाधार विकास मन्त्रालयको वार्षिक विकास कार्यक्रमको सम्वन्धमा जानकारी लिन भौतिक पूर्वाधार विकास मन्त्री, मन्त्रालयका सचिव र रा.प.द्बितिय श्रेणीका प्राविधिक संग छलफल गर्न समितिको अर्को बैठक मिति २०७५।१०।१२ गते विहान ८:०० बजे बस्ने ।

३.उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक विकास कार्यक्रमको सम्वन्धमा जानकारी लिन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री र सचिव संग मिति २०७५।१०।१३ गते विहान ८:०० बजे वैठक बस्ने ।

## समितिको बैठक संख्या ९
## मिति : २०७५/१०/१२ गते

१.भौतिक पूर्वाधार विकास मन्त्री र सचिवले कर्मचारी अभावका साथै अन्य विभिन्न समस्या देखाउँदै समितिको वैठकमा पेश गरेको विवरणबाट आर्थिक वर्षको छ महिना सकिदा समेत मन्त्रालयको पूँजिगत खर्च निकै न्यून रहेको पाइयो । कर्मचारी अभावका कारण सोचे अनुरुप काम गर्न नसकिएको भन्ने मन्त्रालयको जवाफको सन्दर्भमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत संघीय सरकार संग आवश्यक समन्वय गरी यथाशिघ्र आवश्यक जनशक्तिको व्यवस्था गर्न र अन्तिम अवस्थामा विना कुनै तयारी खर्च गर्ने प्रवृतिले वजेट दुरुपयोग हुन सक्ने भएकोले सार्वजनिक खरिद ऐन तथा नियमावलीका आधारमा यथाशिघ्र विकास निर्माणलाई द्रुत गतिमा अगाडी बढाउन भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने ।

**समितिको बैठक संख्या १०**
**मिति : २०७५/१०/१३ गते**

१.उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री र सचिवले समितिको वैठकमा पेश गरेको विवरणबाट आर्थिक बर्षको आधा भन्दा वढी समय गुज्रिसक्दा समेत पूँजिगत खर्च न्यून रहेको हुँदा अन्तिम अवस्थामा विना कुनै तयारी बजेट खर्च गर्ने प्रवृत्तिले बजेट दुरुपयोग हुन सक्ने भएकोले वार्षिक कार्यक्रमलाई यथाशिघ्र द्रुत गतिमा अगाडी बढाउन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिईयो ।

**अध्ययन उपसमितिको बैठक संख्या ९**
**मिति : २०७५/१०/१७ गते**

१.कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रममा भएको खर्च सम्वन्धि मन्त्रालयहरुबाट प्राप्त भएका बील भर्पाइ लगायतका कागजातहरुको अध्ययन गरी निम्नानुसारको अध्ययन प्रतिवेदन तयार गरियो । साथै उक्त प्रतिवेदन सार्वजनिक लेखा समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

**समितिको बैठक संख्या ११**
**मिति : २०७५/१०/१८ गते**

१.समितिको मिति २०७५ कार्तिक १६ गतेको बैठक संख्या ६ बाट गठित अध्ययन उपसमितिले कर्णाली रारा पर्यटन समुद्घाटन कार्याक्रममा सरकारले गरेको खर्च विवरणको अध्ययन प्रतिवेदन समितिका माननीय अध्यक्षलाई बुझाईयो । साथै अर्को बैठकमा उक्त प्रतिवेदन सम्वन्धमा छलफल गर्ने निर्णय गरियो ।

**समितिको बैठक संख्या १२**
**मिति : २०७५/१०/२९ गते**

१.समितिको २०७५ मंसिर २० गते बसेको वैठकले सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई दिएको निर्देशनका सम्वन्धमा जवाफ उपलब्ध गराउन मिति २०७५ माघ ११ गतेको वैठकबाट निर्देशन दिईएकोमा सामाजिक विकास मन्त्रालयबाट हाल सम्म कुनै जवाफ प्राप्त नभएको हुंदा सो को जवाफ ३ दिन भित्र उपलब्ध गराईदिन सामाजिक विकास मन्त्रालयलाई पुन: निर्देशन दिने ।

२.कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रममा सरकारले गरेको खर्चको अध्ययन गर्न गठित उप समितिले पेश गरेको प्रतिवेदन सम्वन्धमा छलफल गरियो । उक्त प्रतिवेदनले औल्याएका विषयहरुको सम्वन्धमा मा० मन्त्रीहरुलाई जानकारी गराउन अर्को बैठक मिति २०७५ फागुन ३ गते बस्ने ।

३.भौतिक पूर्वाधार विकास मंत्रालयले चालु आ.व.को वार्षिक कार्यक्रम अन्तर्गतका सडक, सिंचाई, खानेपानी लगायतका भौतिक पूर्वाधार निर्माण गर्नुपूर्व उक्त आयोजनाहरुको सर्वेक्षण र डि.पि.आर. गरिरहेको सन्दर्भमा निम्नानुसारको विवरण तथा कागजात पछि फरक नपर्ने गरी सात दिन भित्र समितिमा पेश गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने ।

१.डि.पि.आर. तथा सर्वेक्षण गर्न परामर्शदाता छनौट गर्दा अपनाईएको प्रकृया र आधारका साथै सुचीकृत भएका परामर्शदाताहरुको सम्पूर्ण विवरण ।

२.हालसम्म परामर्शदाताहरुबाट सर्वेक्षण/विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) भईसकेका आयोजनाहरुको सम्पूर्ण विवरण ।

३.हालसम्म परामर्शदाताहरुबाट सर्वेक्षण/विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) शूरु भएका तर सम्पन्न भई नसकेका आयोजनाहरुको सम्पूर्ण विवरण ।

४.ताँहा मन्त्रालयबाट प्रदेशका विभिन्न जिल्लाहरुमा डिभिजन/कार्यालय स्थापना भईसकेको अवस्थामा उक्त कार्यालयहरुबाट सर्वेक्षण/डि.पि.आर. गरिएका आयोजनाहरुको सम्पूर्ण विवरण ।

प्रदेश सभा कर्णाली प्रदेश सार्वजनिक लेखा समिति वीरेन्द्रनगर, सुर्खेत

२ परामर्शदाताहरुले तयार गरी मन्त्रालयमा पेश गरेका सर्वेक्षण/डि.पि.आर. मध्ये लागत अनुमान स्वीकृत गरी बोलपत्र/टेण्डर आव्हान र स्वीकृत भएका आयोजनाहरुको सम्पूर्ण विवरण ।

कर्णाली प्रदेश सभा सार्वजनिक लेखा समिति कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत

**समितिको बैठक संख्या १३**
**मिति : २०७५/११/०३ गते**

१ कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रममा सरकारले गरेको खर्चको अध्ययन गर्न गठित अध्ययन उप समितिले पेश गरेको प्रतिवेदनले औल्याएका विषयहरुका वारेमा मा० मन्त्रीहरु संग छलफल गरियो ।

**समितिको बैठक संख्या १४**
**मिति : २०७५/११/०३ गते**

१ कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रमको सन्दर्भमा आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गर्दा देखिएका विषयका वारेमा प्रदेश लेखा नियन्त्रकबाट जानकारी लिईयो ।

**समितिको बैठक संख्या १५**
**मिति : २०७५/११/०५ गते**

१ कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रममा सरकारले गरेको खर्चको अध्ययन प्रतिवेदन र प्रदेश लेखा नियन्त्रक मार्फत प्राप्त म.ले.प. प्रतिवेदनका विषयमा छलफल गरियो ।

**समितिको बैठक संख्या १६**
**मिति : २०७५/११/०६ गते**

१ कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रममा सरकारले गरेको खर्च सम्वन्धि उप समितिले पेश गरेको प्रतिवेदन, प्रदेश लेखा नियन्त्रक संगको छलफलका आधारमा समितिमा व्यापक छलफल गरियो ।

**समितिको बैठक संख्या १७**
**मिति : २०७५/११/१७ गते**

१ कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रममा सरकारले गरेको खर्चको सन्दर्भमा निम्नानुसारको निष्कर्ष सर्वसहमतीले निकालियो ।

मिति २०७४ चैत्र २८ गतेको मन्त्रिपरिषद्को बैठकले रारा पर्यटन वर्ष, २०७५ को २०७५ वैशाख १ गते हुने समुद्घाटन कार्यक्रमको लागि विभिन्न मन्त्रालय तथा निकायहरुलाई ४६ लाख रकमको अख्तियारी दिएकोमा मन्त्रालयहरुले लागत अनुमान विनै सार्वजनिक खरिद ऐन विपरित करिव दोब्बर रकम खर्च गरेको पाईयो । कर्णाली रारा पर्यटन वर्ष समुद्घाटन कार्यक्रममा सरकारले गरेको खर्चको अध्ययन गर्न यस समिति अन्तर्गत गठन गरिएको उपसमितिले गरेको अध्ययनको प्रतिवेदन र प्रदेश लेखा नियन्त्रकको कार्यालय मार्फत प्राप्त महालेखा परीक्षकको प्रतिवेदन समेतको आधारमा प्रदेश सरकारले समुद्घाटन कार्यक्रममा खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को आधारमा खर्च गरेको नपाइएको हुँदा उक्त कार्यक्रममा खर्च गरेको देखाइएको सम्पूर्ण रकम पूर्णत अनियमित देखिन्छ ।
कार्यक्रमको लागत अनुमान विना मन्त्रालयलाई खर्च गर्ने अख्तियारी दिनु, कतिपय मन्त्रालयहरुले तोकिएको खर्च सीमा भन्दा झण्डै दोब्बर रकम आर्थिक नियम र प्रकृया विपरित खर्च गर्नु, सरकारको तर्फबाट सदनमा प्रस्तुत गरेको खर्च रकम रु. ४९४१७९५ ( अक्षरुपी उनन्पचास लाख एकचालिस हजार सात सय पन्चानव्वे रुपैया मात्र) हुनु, मन्त्रालयहरुले अध्ययन उपसमितिलाई बुझाएको विवरण रु. ७८,१४,६६८।५६ (अक्षरुपी अठहत्तरलाख चौध हजार छ सय अठसठ्ठी रुपैया

उन्न पैसा खर्च देखिनु, महालेखा परीक्षकको प्रतिवेदनमा रु ८७,१८,९७३।७९ (अक्षरुपी नौ लाख दुई हजार आठ सय सतहत्तर रुपैया उनासी पैसा) को खर्च विवरण प्रस्तुत हुन नसकेको औंल्याइनुले उक्त अनियमिततालाई सहजै पुष्टी गर्छ।

सरकारले संरचनागत सीमा र अनुभवलाई समेत ध्यान दिदै कर्णाली रारा पर्यटन वर्ष २०७५ को समुद्घाटन कार्यक्रमको समग्र व्यवस्थापनलाई व्यवहारिक दृष्टिोणबाट विश्लेषण गर्नुपर्ने अवस्थालाई स्वीकार गरी सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाले सम्मानित सदनमा खर्चको विवरण सहित प्रस्तुत गरेको रकम रु. ४९,४१,७९५ लाई सरकारले गरेको आधिकारिक खर्च मान्न सहिने निष्कर्ष निकालियो।

२. कर्णाली प्रदेश सरकारले आयोजना गरेको महत्वपुर्ण कार्यक्रममा आर्थिक अनुशासन उलङ्घन गरी नियम विपरित खर्च गर्नेहरुलाई समितिले निकालेको निष्कर्षको आधारमा आवश्यक कारवाहीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने।
३. कर्णाली रारा पर्यटन वर्ष, २०७५ समुद्घाटन कार्यक्रममा भएको खर्चको सन्दर्भमा समितिले निकालेको निष्कर्ष र उपसमितिले पेश गरेको अध्ययन प्रतिवेदन माननीय सभामुखज्यू समक्ष पेश गर्ने।

## समितिको बैठक संख्या १८
## मिति : २०७५/११/१९ गते

१. मिति २०७५ फागुन १७ गतेको बैठकको निर्णय नं. २ बमोजिमको निर्देशन समितिका मा० अध्यक्ष सहित सम्पूर्ण मा० सदस्यहरुद्धारा मा० मुख्यमन्त्रीज्यू समक्ष पेश गरियो।
२. मिति २०७५ फागुन १७ गतेको बैठकको निर्णय ३ बमोजिम समितिको निष्कर्ष सहितको प्रतिवेदन मा० सभामुखज्यू समक्ष पेश गरियो।
३. कर्णाली रारा पर्यटन महोत्सवको सन्दर्भमा समितिले निकालेको निष्कर्षको जानकारी जनसमक्ष पुर्‍याउन पत्रकार सम्मेलन गरियो।

## अध्ययन उपसमितिको बैठक संख्या १०
## मिति : २०७५/११/२१ गते

१. भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट प्राप्त आ.व.०७४/७५ को वार्षिक प्रगती प्रतिवेदन अध्ययन गरियो।
२. भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले पेश गरेको आ.व.०७४/७५ को खर्च विवरणमा वार्षिक प्रगति विवरण मात्र प्राप्त भएकोमा ०७४/७५ मा कृषि मन्त्रालय र अन्तर्गतका निकायबाट भए गरेका खर्चको सम्वन्धमा कुन संस्थाले को सँग सम्झौता गरी कति खर्च गरेको थियो ? खर्च गर्दा कस्ता विधि अवलम्वन गर्‍यो सो को विस्तृत विवरण ७ (सात) दिन भित्र पेश गर्न लेखि पठाउने निर्णय गरियो।

## समितिको बैठक संख्या १९
## मिति : २०७५/११/२२ गते

१. कर्णाली प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयले आ.व. ०७५।७६ मा मौजुदा सूचि दर्ता गर्नको लागी गरेको सूचनाको छाँयाप्रति, को को फर्मलाई सूचिकृत गरियो ? सो को विवरण र आ.व. ०७५।७६ को शुरु देखि हाल सम्म कार्यक्रम संचालन तथा वजेट खर्च गर्दा कुन कुन फर्म संग कार्य सम्झौता गरी कार्य सम्पन्न गरियो ? सम्झौता पत्र सहितको खर्चको विस्तृत विवरण २०७५ फागुन २५ गते भित्र पेश गर्न उक्त मन्त्रालयलाई लेखि पठाउने निर्णय गरियो।

प्रदेश सभा सार्वजनिक लेखा समिति कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत

## समितिको बैठक संख्या २०
### मिति : २०७५/११/२८ गते

१.यस समितिको ११ औं बैठकको बुंदा नं. ४ बाट माग भएको विवरण प्राप्त नभएको र पुन सो विवरण उन्नाइसौं बैठकबाट माग भएकोमा माग भए वमोजिमको विवरण प्राप्त नभएकोले सोही विवरण भौतिक पूर्वाधार विकास मन्त्रालय तथा मन्त्रालय मातहतका निकायको आ.व.२०७५।७६मा मौजुदा सूची दर्ता गर्नका लागि गरेको सूचनाको छायाँप्रती, को को फर्मलाई सुचिकृत गरियो ? सो को विवरण र आ.व. ०७५।७६ को शुरु देखी हालसम्म कार्यक्रम संचालन तथा वजेट खर्च गर्दा कुन कुन फर्म सँग कार्य सम्झौता गरी कार्य सम्पन्न गरियो ? सम्झौता पत्रको छायाँ प्रति सहितको विस्तृत खर्चको विवरण ५ दिन भित्र पेश गर्न उक्त मन्त्रालयलाई लेखी पठाउने निर्णय गरियो ।

## समितिको बैठक संख्या २१
### मिति : २०७५/१२/०४ गते

१.भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट प्राप्त आ.व. २०७४।०७५ को वार्षिक प्रगती विवरण अध्ययन गरियो ।

२.प्राप्त भएको प्रगती विवरणमा कार्यक्रम सञ्चालनार्थ प्रयोग भएका कार्यविधीहरु १० वटा उल्लेख भएकोमा उल्लेखित १० वटै कार्यविधीहरु मन्त्रालयबाट माग गर्ने ।

## समितिको बैठक संख्या २२
### मिति : २०७५/१२/०७ गते

१.भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट आएको जिल्लागत विवरण र भौतिक पूर्वाधार विकास मन्त्रालयबाट आएको सूची दर्ताहरुको छाँया प्रतीको अध्ययन गर्नुपर्ने भएकाले माथि उल्लेखित कागजातको अध्ययन सहित अर्को बैठक मिति २०७५।१२।१५ गते विहान ८:०० बजे बस्ने ।

## समितिको बैठक संख्या २३
### मिति : २०७५/१२/१५ गते

१.मिति २०७५।१२।१५ गते बसेको समितिको वैठकमा भौतिक पूवाधार विकास मन्त्रालयबाट आएको विवरणमा छलफल गरियो र यस सम्वन्धमा विस्तृत अध्ययन गरी २०७५।१२।१६ गते ४:०० बजे अर्को वैठक बस्ने निर्णय गरियो ।

## समितिको बैठक संख्या २४
### मिति : २०७५/१२/१६ गते

१.भौतीक पूर्वाधार विकास मन्त्रालय वा त्यस मन्त्रालय मातहतका निकायबाट हालसम्म भएका कुन कुन आयोजनामा टेण्डर भएको छ ? सो को विवरण २१ गते सम्म यस समितिमा आइपुग्ने गरी माग गर्ने निर्णय गरियो ।

२.यस समितिको २०७५।१२।१८ गते विहान ८ बजे बस्ने वैठकमा भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवलाई छलफलका लागि आमन्त्रण गर्ने निर्णय गरियो ।

## समितिको बैठक संख्या २५
### मिति : २०७५/१२/१८ गते

१.यस समितिको विसौं वैठकबाट माग गरिएको विवरण पटक-पटक माग गर्दा समेत विस्तृत विवरण प्राप्त नभएकोले भौतीक पूर्वाधार विकास मन्त्रालयका सचिव दानरत्न शाक्यलाई आमन्त्रण गरी बांकी विवरण तत्काल उपलब्ध गराउन निर्देशन दिइयो ।

प्रदेश सभा सार्वजनिक लेखा समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

**समितिको बैठक संख्या २६**
**मिति : २०७५/१२/२४ गते**

१. यस समितिबाट माग भएका सबै कागजातको विवरण प्राप्त नभएकोले सम्पूर्ण विवरण आएपछी छलफल गर्ने गरी मिति २०७५।१२।२७ गते साँझ ४:०० बजे बस्ते निर्णय गरियो ।

**समितिको बैठक संख्या २७**
**मिति : २०७५/१२/२७ गते**

१. कृषी भुमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट आ.व. ०७४।७५मा विनियोजन गरिएको बजेटको हालसम्मको कार्यान्वयनको अवस्थाका सम्वन्धमा अनुगमन गरी आवश्यक विवरण संकलन गर्ने कार्य आ-आफ्नो जिल्लाका अतिरिक्त निम्न बमोजिमका जिल्लाको जिम्मेवारी सहीत गर्ने निर्णय गरियो ।

| नाम | अतिरिक्त जिल्ला |
|---|---|
| मा० दिनवन्धु श्रेष्ठ | कालिकोट, हुम्ला |
| मा० करवीर शाही | सुर्खेत, दैलेख |
| मा० गोपाल शर्मा | सुर्खेत, दैलेख |

**समितिको बैठक संख्या २८**
**मिति : २०७६/०२/०७ गते**

१. कर्णाली प्रदेशको चालु आर्थिक वर्षमा हालसम्म कुन-कुन शिर्षकमा रकमान्तर गरिएको छ ? सो को विस्तृत विवरण अर्थ मन्त्रालयबाट ३ दिन भित्र माग गर्ने निर्णय गरियो ।
२. भौतिक तथा पूर्वाधार विकास मन्त्रालयबाट माग भएको विवरण सम्वन्धमा छलफलका लागि सम्पूर्ण विवरण सहित भौतीक तथा पूर्वाधार विकास मन्त्रीलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**समितिको बैठक संख्या २९**
**मिति : २०७६/०२/०९ गते**

१. भौतिक पूर्वाधार विकास मन्त्रालयबाट डि.पि.आर. सम्वन्धी मात्र गरिएको विवरणको बाँकी विवरण १५ दिनभित्र यस समितिको सचिवालयमा प्राप्त हुने गरी कार्य गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयका मन्त्रीलाई निर्देशन दिइयो ।

**समितिको बैठक संख्या ३०**
**मिति : २०७६/०३/१८ गते**

१. अर्थ मन्त्रालयबाट रकमान्तर भएको बजेट र डि.पि.आर सम्वन्धमा छलफल गरियो ।

**समितिको बैठक संख्या ३१**
**मिति : २०७६/०३/२१ गते**

१. मिति २०७६ जेष्ठ ७ गतेको निर्णयानुसार अर्थ मन्त्रालयबाट माग गरिएको कर्णाली प्रदेशको चालु आर्थिक वर्षमा रकमान्तर गरिएको विस्तृत विवरण हाल सम्म प्राप्त नभएको हुँदा पुन मन्त्रालयगत र शिर्षकगत खुल्ने गरी विस्तृत विवरण २ दिन भित्र पठाउन निर्देशन दिने निर्णय गरियो ।
२. यस समितिको आ.व. २०७५।७६ को वार्षिक प्रतिवेदनको मस्यौदा माथि छलफल गरियो ।

प्रदेश सभा सार्वजनिक लेखा समिति कर्णाली प्रदेश वीरेन्द्रनगर,सुर्खेत

**समितिको बैठक संख्या ३२**
**मिति : २०७६/०३/२१ गते**

१.यस आर्थिक वर्षमा रकमान्तर गरिएको विस्तृत विवरण मन्त्रालयगत रुपमा २ दिन भित्र प्राप्त हुने गरि सवै मन्त्रालयबाट माग गर्ने निर्णय गरियो ।

**समितिको बैठक संख्या ३३**
**मिति : २०७५/०७/१६ गते**

१.यस सार्वजनिक लेखा समितिको २०७५/७६ को वार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा पास गरि माननीय अध्यक्ष ज्यू मार्फत सभामा पेश गर्ने निर्णय गरियो ।

२.रकमान्तरका सम्वन्धमा मन्त्रालयहरुबाट प्राप्त अपुग देखिएका विवरणहरु पुनः माग गर्ने निर्णय गरियो ।

३.प्रदेश सरकारको यस आ.व.२०७५/०७६ मा भएको रकमान्तर सम्वन्धमा अध्ययन गरि प्रतिवेदन पेश गर्न तपसिल अनुसारको अध्ययन उप समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. संयोजक | मा० करवीर शाही |
| २. सदस्य | मा० गोपाल शर्मा |
| ३. सदस्य | मा० झोवा वि.क. |

**उप-समिति गठनः**

समितिले आन्तरिक काम कार्यवाहीलाई व्यवस्थित गर्न कुनै विषय क्षेत्रको अनुगमन, अध्ययन, अनुसन्धान गरी सरकारलाई जनउत्तरदायी बनाउन आवश्यकता अनुसार उप समिति, कार्यदलहरु गठन गरी कार्य सम्पादनलाई प्रभावकारी बनाउन सक्दछ । जस अनुसार सार्वजनिक लेखा समितिले गत आ.व. २०७४।७५ को सार्वजनिक लेखा र कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रमको अध्ययन गर्न एक अध्ययन उपसमिति गठन गरेको छ ।

**अध्ययन उपसमितिः**

| | | |
|---|---|---|
| १. | मा० करवीर शाही | संयोजक |
| २. | मा० गोपाल शर्मा | सदस्य |
| ३. | मा० झोवा वि.क. | सदस्य |

**समिति तथा उपसमितिहरुको बैठक संख्या विवरणः**

१. सार्वजनिक लेखा समिति
पहिलो बैठक : २०७५।०१।१७ देखि २०७६।०३।२५ सम्म
**बैठक संख्या : ३३**

२. अध्ययन उप समिति
पहिलो बैठक : २०७५।०७।१८ देखि २०७५।११।२१ सम्म
**बैठक संख्या : १०**

## ६. समितिले सरकारलाई दिएका निर्देशनहरु

मिति २०७५।०६।१४ गते वसेको बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निम्न वमोजिम निर्देशन दिएको ।

१. प्रदेश सरकारले सार्वजनिक खर्च गर्दा सार्वजनिक खरिद सम्वन्धि प्रदेश ऐन प्रदेश सभाबाट पारित गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाउने ।

मिति २०७५।०८।२० गते वसेको बैठकले सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निम्न वमोजिम निर्देशन दिएको ।

१. चालु आर्थिक वर्षको वार्षिक कार्यक्रममा व्यक्तिगत तथा सामूहिक फर्म, सहकारी र संस्थाहरुको छनौटको मापदण्ड र स्पष्ट आधार तयार गरी सोही आधारमा पारदर्शी ढंगबाट फर्म, सहकारी तथा संस्थाहरु छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

मिति २०७५।१०।१२ गते वसेको बैठकले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निम्न वमोजिम निर्देशन दिएको ।

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत संघीय सरकार संग आवश्यक समन्वय गरी यथाशिघ्र आवश्यक जनशक्तिको व्यवस्था गर्न र अन्तिम अवस्थामा विना कुनै तयारी खर्च गर्ने प्रवृतिले वजेट दुरुपयोग हुन सक्ने भएकोले सार्वजनिक खरिद ऐन तथा नियमावलीका आधारमा यथाशिघ्र विकास निर्माणलाई यथाशिघ्र अगाडी बढाउने ।

मिति २०७५।१०।१३ गते वसेको बैठकले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निम्न वमोजिम निर्देशन दिएको ।

१. आर्थिक वर्षको आधा भन्दा वढी समय गुज्रिसक्दा समेत पूँजिगत खर्च न्यून रहेको हुँदा अन्तिम अवस्थामा विना कुनै तयारी बजेट खर्च गर्ने प्रवृत्तिले बजेट दुरुपयोग हुन सक्ने भएकोले वार्षिक कार्यक्रमलाई यथाशिघ्र अगाडी बढाउने ।

मिति २०७५।११।१७ गते वसेको बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निम्न वमोजिम निर्देशन दिएको ।

१. कर्णाली प्रदेश सरकारले आयोजना गरेको महत्वपुर्ण कार्यक्रम कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रममा आर्थिक अनुशासन उलङ्घन गरी नियम विपरित खर्च गर्नेहरुलाई समितिले निकालेको निष्कर्षको आधारमा आवश्यक कारवाही गर्ने ।

हाल यस समितिले भौतिक पूर्वाधार विकास मन्त्रालयबाट गरिएका डि.पि.आर र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट गरिएका रकमान्तरका सम्वन्धमा अध्ययन भईरहेको र सो सम्वन्धमा अध्ययन गरि प्रतिवेदन पेश गर्न मा० करवीर शाही ज्यूको संयोजकत्वमा ३ (तीन) सदस्यीय अध्ययन उप समिति गठन गरिएको छ ।

## ७. समितिले सरकारलाई दिएका निर्देशनहरुको पालनाको अवस्था

सभा वर्षै भरि बस्न नसक्ने भएकाले सभाको प्रतिनिधित्व गर्दै सभाका कामकारवाही अगाडी बढाउन समितिहरुको गठन भएको व्यहोरा सर्व विदितै छ । सरकार सभा र समितिहरु प्रति जवाफदेही र उत्तरदायी हुनुपर्ने हुन्छ । तर, सभा र समितिहरु प्रतिको जवाफदेहीता र उत्तरदायित्व प्रति सरकार गंभीर नभएको महशुस भएको छ । समितिले मागेका विवरणहरुको पूर्ण र समयभित्र जवाफ पठाएको देखिदैन । यस समितिले कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रमका विषयमा दिएको निर्देशन सरकारवाट गम्भिरता पूर्वक नलिएको अवस्थाले पनि यो विषयलाई पुष्टि गर्दछ । विभिन्न समयमा यस समितिबाट दिएका निर्देशनहरुको पूर्ण रुपमा पालना भएको नपाईएकोले

[illegible] निर्णयहरुको पूर्ण पालनाको लागि अनुरोध गरिन्छ र समिति मार्फत दिईएका निर्देशनहरु [illegible] बन्न सभा मार्फत सरकारलाई निर्देशन हुन आवश्यक देखिन्छ ।

## ८. समितिले भोग्नु परेका समस्या र समाधानका उपायहरु

१. बैठक संचालन कक्षमा कम्प्यूटर, प्रिन्टर, ल्यापटप, टेवल, कुर्ची लगायतका अत्यावश्यक कुनै पनि सामाग्री नभएकोले त्यस्ता अतिआवश्यक साधन स्रोतको यथोचित व्यवस्थापन गर्नु पर्ने ।

२. बजेटको अभावले समितिको कार्यक्षेत्र संग सम्बन्धित विषयमा स्थलगत अध्यन, अनुगमन गर्न र सरकारलाई दिएका निर्देशन तथा सुझावहरु कार्यान्वयको अवस्था प्रत्यक्ष अबलोकन गर्न नसकिएको ले समितिले मा. अध्यक्ष ज्यू मार्फत प्रदेश सरकार समक्ष पहल गर्नुपर्ने ।

३. मा.सदस्य एबं सचिवालयका हाल समायोजन भई आएका कर्मचारीहरुको समयानुकूल क्षमता अभिबृद्धि लगायतका विषयमा अवसरहरु उपलब्ध हुन नसकेको सन्दर्भमा स्वदेश तथा बिदेश भ्रमण तथा प्रशिक्षणको व्यवस्था मिलाउने ।

४. समितिको बैठकमा रेकर्डिंग प्रणाली र  प्रत्यक्ष अभिलेखीकरण सो सम्बन्धी जनशक्तिको अभाव रहेको संदर्भमा सचिवालय तथा दात्री निकायको सहयोग समेतमा समिति सचिवालयलाई आधारभूत सुविधा सम्पन्न तुल्याउने ।

५. कर्मचारीहरु दिन भर आफ्नो शाखा/ईकाइका दैनिक काममा व्यस्त रहनु पर्ने र समितिका वैठकहरु विशेष गरी साँझ विहानमा संचालन हुने भएकाले समितिका सदस्य सचिव तथा अन्य सहयोगी कर्मचारीहरुले विहान बेलुका बैठक बस्दा पनि कुनै अतिरिक्त सुविधा नलिई काम गर्नुपर्ने बाध्यता रहेकोमा यसरी कार्य गराउँदा नतिजा प्रभावकारी नहुने हुँदा यथाशिघ्र भत्ताको व्यवस्था गरिनु पर्ने ।

## ९. उप संहार :

प्रभावकारी समिति प्रणाली, व्यवस्थापन र संचालनबाट लोकतन्त्रको विकाश हुन्छ भन्नेमा दुइमत छैन । हामीहरु संसदीय अभ्यासमा जुटेको लामो इतिहास नभए पनि समितिका निरन्तर बैठक संचालन, सरकारी कामकारवाहीको अनुगमन र निर्देशन, समितिमा विधेयक दफावार छलफलको क्रममा विधेयकमा संशोधन पेश गर्ने र छलफमा भाग लिने मा. सदस्यहरुको रुची र निरन्तर अभ्यासले समिति प्रणालीको विकास हुनुको साथै यसको महत्व बढिरहेको भन्न सकिन्छ । समिति एउटा सामूहिक भावना र सहयोगमा आधारित संस्था भएकोले यसमा सवैको सहयोग, चासो र सक्रियतालाई आगामी दिनमा थप प्रभावकारी बनाउन समितिका पदाधिकारी एवं सदस्य सबैको समान दायित्व बोध हुनु पर्दछ ।

मा० दीनबन्धु श्रेष्ठ
अध्यक्ष
सार्वजनिक लेखा समिति

प्रदेश सभा
सार्वजनिक लेखा समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर,सुर्खेत